धितोपत्र सम्बन्धी ऐन, २०६३ र सामुहिक लगानी कोष नियमावली, २०६७ बमोजिम नेपाल धितोपत्र बोर्डमा दर्ता भएको

प्रति इकाई मूल्य रु १०/- दरको ८,००,००,००० (आठ करोड) इकाईहरुको सार्वजनिक निष्काशन

(यस योजनाको कोष प्रबर्द्धक श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड र योजना व्यवस्थापक श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडलाई छुट्याइएको न्युनतम १,२०,००,००० इकाई समेत)

(सामुहिक लगानी कोष नियमावली, २०६७ को दफा २४ को उपदफा ३ को वुँदा (ङ) अन्तर्गत प्रकाशित)

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको तथा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND

एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

एनआईबिएल समृद्धि फण्ड-१ (NIBL Samriddhi Fund-I) को

आव्हान पत्र

यो विवरण पुस्तिका नभई केवल आह्वान पत्र मात्र हो ।

इकाईको बिक्री खुल्ला अवधि:

निष्काशन खुल्ला मिति	: २०७१/०८/१७ गते
निष्काशन बन्द हुने मिति (छिटोमा)	: २०७१/०८/२१ गते (बैंकिङ्ग समय पश्चात)
निष्काशन बन्द हुने मिति (ढिलोमा)	: २०७१/०९/०२ गते (बैंकिङ्ग समय पश्चात)

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु. १०/- प्रति इकाई दरले

दरखास्त दिनुपर्ने न्यूनतम इकाई संख्या : १०० (एक सय)

दरखास्त दिन पाउने अधिकतम इकाई संख्या : ८०,००,००० (असी लाख)

१. योजना सम्बन्धी सामान्य जानकारी

क. योजनाको नाम	एनआईबिएल समृद्धि फण्ड-१ (NIBL Samriddhi Fund-I)
ख. योजनाको आकार	रु ८०,००,००,००० (असी करोड)
ग. योजनाको प्रकार	बन्दमुखी (close-end)
घ. निष्काशन गर्न लागिएको इकाई संख्या	८,००,००,००० (आठ करोड)
ङ. प्रति इकाई मूल्य	रु १० (अक्षरेपी : नेपाली रुपैया दश)
च. न्यूनतम बिक्री हुनुपर्ने इकाई संख्या	४,००,००,००० (चार करोड)
छ. अधिकतम सकारिने इकाई संख्या	१०,००,००,००० (दश करोड)
ज. योजनाको अवधि	७ वर्ष
झ. योजना परिपक्व हुने मिति	इकाई बाँडफाँड भएको मितिले ७ वर्ष
ञ. योजना व्यवस्थापकको रेटिङ्ग	"[ICRANP] AMC Quality 3 (AMC3)" Adequate assurance on Management Quality
ट. कोष प्रवर्द्धकको रेटिङ्ग	"[ICRANP-IR] A"Adequate degree of safety regarding timely servicing of Financial Obligations

२. कोष प्रवर्द्धकको सक्षिप्त इतिहास

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, तत्कालिन कम्पनी ऐन तथा तत्कालिन वाणिज्य बैंक ऐन अन्तर्गत २०४२ साल माघ ६ गते रोज १ का दिन उद्योग तथा वाणिज्य मन्त्रालय, वाणिज्य विभागमा दर्ता भएको हो । यस बैंकले तत्कालिन वाणिज्य बैंक ऐन, २०३१ अन्तर्गत वाणिज्य बैंकको रुपमा बैंकिङ्ग कारोबार गर्न नेपाल राष्ट्र बैंकबाट मिति २०४२ साल माघ २२ गते ईजाजत पत्र प्राप्त गरी "क" वर्गको वित्तीय संस्थाको रुपमा आफ्नो सेवा संचालन गर्दै आएको छ । नेपाल भित्र वैदेशिक प्रविधि तथा लगानी सम्भौतामा निजी क्षेत्रबाट बैंक स्थापना गरी देशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा उपलब्ध गराउने अभिप्रायले यस बैंकको स्थापना भएको हो । सो मुताविक यसले आफ्नो कार्यक्षेत्रलाई विस्तार गर्दै स्वदेश तथा विदेशका विभिन्न ठाउँमा बैंकिङ्ग सेवा पुऱ्याउदै आएको छ । यस बैंकको संस्थापक तथा संचालकहरु बैंकिङ्ग तथा वित्तीय क्षेत्र तथा व्यवस्थापनमा लामो समय देखि आवद्ध रहेका व्यक्तित्वहरु हुनुहुन्छ । यस बैंकमा ५०% शेयर स्वामित्व संस्थापक शेयरधनीहरुको, १५% शेयर स्वामित्व राष्ट्रिय वाणिज्य बैंकको, १५% शेयर स्वामित्व राष्ट्रिय बिमा संस्थानको र २०% शेयर स्वामित्व सर्वसाधारण शेयरधनीहरुको रहेको छ । बैंकिङ्ग क्षेत्रमा 'क' वर्गको इजाजतप्राप्त बैंकको रुपमा २८ वर्ष भन्दा बढी अवधि देखि सेवा दिइरहेको छ ।

३. कोष प्रवर्द्धक कम्पनीको प्रमुख उद्देश्यहरु

कम्पनीको प्रबन्धपत्र अनुसार कम्पनीका मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :
नेपाल राष्ट्र बैंक ऐन २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, र कम्पनी ऐन २०६३ तथा अन्य
प्रचलीत कानुनको अधिनमा रही वित्तीय कारोवार (बैंकिङ्ग व्यवसाय) गर्ने यस बैंकको मुख्य उद्देश्यहरु देहाय बमोजिम हुने छ ।

क) बैंकका निक्षेपकर्ता तथा शेयरधनीको हकहितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, बिस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा बाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवम् कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुऱ्याउने,

ग) उपलब्ध सीप, श्रम तथा पुँजीलाई बचत परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमुलक व्यवसायको स्थापना, सञ्चालन, विकास बिस्तार एवम् प्रवर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने, र

घ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने ।

४. कोष प्रबर्द्धकको वित्तीय विवरण सम्बन्धी जानकारी

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको विगत तीन वर्षको लेखापरीक्षण भएको समष्टिकृत वासलात, नाफा नोक्सान हिसाव देहाय बमोजिम रहेको छ ।

क) समष्टिकृत वासलात

विवरण	वास्तविक (रु हजारमा)		
	२०६९ असार मसान्त	२०७० असार मसान्त	२०७१ असार मसान्त
पूंजी तथा दायित्व			
शेयर पूँजी	३७,६६,१५५.२५	४१,४४,८०८.४७	४७,६८,७१३.६२
जगेडा कोषहरु	२२,८३,७८५.९३	२८,७६,६७५.३७	३१,६३,९०५.४३
ऋणपत्र तथा वण्ड	१०,५०,०००.००	८,००,०००.००	१०,५०,०००.००
तिर्न बाँकी कर्जा सापट	५,६७,५७९.२४	३,१०,५६६.००	४,२४,३३९.७५
निक्षेप दायित्व	५,७०,१०,६०३.७९	६,२४,२७,५९७.६३	७,३८,२८,०८३.९७
भुक्तानी दिनु पर्ने बिलहरु	२,९७७.२३	२,८८८.२५	२६६.४८
प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१,५०,६४६.२१	९,४२,००१.९३	१०,३६,६७६.८७
आयकर दायित्व	-	-	-
अन्य दायित्व	९,२४,४८४.३१	१६,४८,३१३.१२	१९,०७,६१९.२६
जम्मा	**६,५७,५६,२३१.९५**	**७,३१,५२,८५०.७६**	**८,६१,७९,६०५.३८**
सम्पति			
नगद मौज्दात	१९,६३,९६८.८३	२१,७२,९८६.८२	२१,७०,७७२.९६
नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	८५,०२,६९४.०९	८७,५२,५९१.२८	१,२६,५२,९३७.०७
बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात	१३,३७,०८७.९०	२४,१७,८३०.७७	२०,०२,२३८.२०
माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	२,०५,३६३.००	२,६७,४००.००	२३२,३७५.००
लगानी	१,०४,३८,४८७.१२	१,१३,३४,९९६.९१	१,५२,८३,२२५.८९
कर्जा, सापट तथा बिल खरीद	४,१६,३६,९९८.८२	४,६४,००,०५३.६९	५,२०,१९,७६५.१०
स्थिर सम्पत्ति	१०,५६,४३८.७७	१०,७२,५८९.६०	१०,६४,५४९.९४
गैरबैंकिङ्ग सम्पत्ति	-	-	-
अन्य सम्पत्ति	६,१५,१९३.४३	७,३४,४०१.६९	७५३,७४१.२२
जम्मा	**६,५७,५६,२३१.९५**	**७,३१,५२,८५०.७६**	**८,६१,७९,६०५.३८**

ख) समष्टिकृत नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु हजारमा)		
	आ.व. २०६८/६९	आ.व. २०६९/७०	आ.व. २०७०/७१
१. ब्याज आम्दानी	५९,८२,६४१.२४	५८,८५,५२९.५१	५८,२०,५९२.०३
२. ब्याज खर्च	(३८,१४,४११.१९)	(२७,७३,७८९.४०)	(२८,१८,८०५.८५)
खुद ब्याज आम्दानी	**२१,६८,२३०.०६**	**३१,११,७४०.११**	**३०,०१,७८६.१८**
३. कमिशन तथा डिस्काउण्ट	३,१९,६६६.५८	३,३६,९७२.८६	४,७९,६९८.७४
४. अन्य सञ्चालन आम्दानी	१,५७,७८०.१७	१,९९,८२९.३३	२,२५,५५८.५६
५. सटही घटबढ आम्दानी	२,६४,१६६.५५	३,६०,२४४.७९	४,६०,२२६.७७
कुल सञ्चालन आम्दानी	**२९,०९,८४३.३६**	**४०,०८,७९७.१०**	**४१,६७,२७०.२५**
६. कर्मचारी खर्च	(३,४०,१६०.३५)	(३,८४,६९४.१२)	(४,४६,५२७.२६)
७. अन्य सञ्चालन खर्च	(४,६८,८६२.९९)	(५,१८,८७९.१०)	(५,४२,९६०.४७)
८. सटही घटबढ नोक्सान	-	-	-
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा नोक्सान	**२१,००,८२०.०२**	**३१,०५,२२३.८८**	**३१,७७,७८२.५२**
९. सम्भावित नोक्सानी व्यवस्थाहरु	(७,४३,७२३.८१)	(९,५८,३३५.९७)	(२,७७,२७८.२६)
सञ्चालन मुनाफा	१३,५७,०९६.२१	२१,४६,८८७.९१	२९,००,५०४.२६
१०. गैरसञ्चालन आम्दानी (खर्च)	१४,१६०.५८	१०,४३१.०९	११,८४१.४५
११. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता	२,६७,६८५.३२	९,३०,००३.६०	१,३९,१४८.३२
निर्यामत कारोबार बाट भएको मुनाफा	१६,३८,९४२.१०	३०,८७,३२२.६०	३०,५१,४९४.०२
१२. असामान्य कारोबारहरुबाट भएको मुनाफा (खर्च)	(१,७२६.१६)	(७४,३९३.३४)	५२७.२७
सम्पूर्ण कारोबार समावेशपछिको खुद मुनाफा	**१६,३७,२१५.९४**	**३०,१२,९२९.२६**	**३०,५२,०२१.२९**
१३. कर्मचारी बोनस व्यवस्था	(१,४८,८३७.८२)	(२,७३,९०२.६६)	(२,७७,४५६.४८)
१४. आयकर व्यवस्था		(८,२२,५५४.७५)	(८,२६,८६७.०४)
यस वर्षको	(४,४८,०७०.३१)	(८,२३,१८५.६०)	(८,३१,२१७.९३)
गत वर्षको	(१२,६७५.२५)	-	(२९५.४९)
स्थगन कर आम्दानी (खर्च)	११,६४३.०५	२६.६७	२,८६१.६७
खुद नाफा नोक्सान	**१०,३९,२७५.६१**	**१९,१५,८६७.६८**	**१९,४५,९१३.०६**

ग) विगत तीन वर्षको प्रति शेयर आम्दानी (अर्निङ्ग पर शेयर) र प्रति शेयर नेटवर्थसम्बन्धी विवरण

विवरण	वास्तविक (रु हजारमा)		
	आ.व.२०६७/६८	आ.व.२०६८/६९	आ.व.२०७०/७१
चुक्ता पूँजी	३०,१२,९२४.२०	३७,६८,००७.७०	४१,४६,७०७.५०
जगेडा तथा कोष	२२,८३,७८५.९३	२८,७५,८३५.६३	३१,५६,७६४.९७
प्रस्तावित बोनस शेयर	७५३,२३१.०५	३,७६,८००.७७	६,२२,००६.१२
जम्मा नेटवर्थ	६०,४९,९४१.१८	७,०२०,६४४.१०	७,९२५,४७९.५९
शेयर संख्या हजारमा (बोनस सहित)	३०,१२९	३७,६८१	४७,६८७
प्रति शेयर नेटवर्थ रु.	२००.८०	१८६.३२	१६६.२०
प्रति शेयर आम्दानी (EPS)	२७.६	४६.२	४०.७
नेथवर्थमा प्रतिफल (%)	१७.१८	२४.७९	२४.४९

५. योजना व्यवस्थापक कम्पनी सम्बन्धी विवरण

(क) योजना व्यवस्थापकको नाम : श्री एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड
(ख) योजना व्यवस्थापक स्थापित भएको ऐन/नियमसम्बन्धी विवरण :
कम्पनी ऐन, २०६३ र धितोपत्र सम्बन्धी ऐन, २०६३ अन्तर्गत धितोपत्र व्यवसायी मर्चेन्ट बैंकरको रुपमा स्थापना भएको हो ।
(ग) योजना व्यवस्थापकको रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं: २, लाजिम्पाट ।

६. योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु

प्रवन्धपत्रमा उल्लेख भएवमोजिम योजना व्यवस्थापकका प्रमुख उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :
१. कम्पनीका शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्ने ।
२. लगानीकर्ताहरु लाई धितोपत्र व्यवसायीको रुपमा गुणस्तरीय तथा भरपर्दो सेवा उपलब्ध गराउने ।
३. लगानीकर्ताहरुको पूँजी बजारतर्फको विश्वसनियता अभिवृद्धि गर्न आवश्यक कार्य सञ्चालन गर्ने ।
४. नयाँ तथा हाल कायम पूँजी बजारसँग सम्बन्धित सेवाको विकास/विस्तार गर्न नेपाल धितोपत्र बोर्डसंग आवश्यक समन्वय गर्ने तथा आवश्यकता अनुसार स्वीकृति प्राप्त गरी उच्चस्तरीय सेवा प्रदान गर्ने ।
५. उपलब्ध सीप, श्रम तथा पूँजी लाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा पूँजी बजारसँग सम्बद्ध सुविधाहरु उपलब्ध गराउन आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तथा प्रविधि उपलब्ध गराई देशमा पूँजी बजारको समग्र विकासका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने ।

७. योजना व्यवस्थापकको भावी योजना तथा रणनीति

(क) व्यवसाय/ सेवा बृद्धिका लागि योजना व्यवस्थापकको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयबद्ध रणनीति :
कम्पनीले बजारको अवस्था हेरी यस बन्दमुखी योजनाका अतिरिक्त अन्य विभिन्न बन्दमुखी र खुल्लामुखी योजनाहरुसमेत सञ्चालनमा ल्याउनेछ । कम्पनी धितोपत्र बोर्डबाट धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) को रुपमा निष्कासन तथा बिक्री प्रवन्ध, धितोपत्र प्रत्याभूति, शेयर रजिष्ट्रेशन र लगानी व्यवस्थापनको कार्य गर्न अनुमतिपत्र पनि प्राप्त गरेको हुनाले योजना व्यवस्थापनका साथै आगामी दिनहरुमा ग्राहकवर्गमाझमा विश्वसनीयताका साथ सशक्त रुपमा मर्चेन्ट बैंकिङ्ग सम्बन्धी सेवालाई सशक्त रुपमा विस्तार गर्दै लाने रणनिति लिएको छ । साथै कम्पनीले समय सापेक्ष आफनो प्रविधि सुधार र सक्षम जनशक्तिको विकास गर्दै नेपाल भर आफनो सेवा विस्तार गर्ने तथा पूँजी बजारका विभिन्न क्षेत्रमा विविध नयाँ सेवा प्रदान गर्दै जाने रणनिति लिएको छ ।

(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा योजना व्यवस्थापकको व्यवसायको भविष्य :
नेपाली पूँजी बजारमा सामूहिक लगानी कोषको अवधारणा हालसालै विकास भएको हो र नेपाली पूँजी बजारमा खासै ठाउँ बनाउन नसकेको र यस प्रकारको सेवा प्रदान गर्न स्थापित कम्पनीहरु सेवाको प्रार्थामक चरणमै रहेका छन् । तर पनि हाल कार्यरत कम्पनीहरुले लगानीकर्तालाई म्युचुअल फण्डमा आकर्षण गर्न गरेको प्रयास सरहानिय रहेको छ र यो स्थितिमा आपसी प्रतिस्पर्धा भन्दा पनि कम्पनी बीच कार्यगत एकता राख्नुपर्ने आजको आवश्यकता हो । तर पनि कम्पनीले आफ्नो क्षेत्रमा प्रतिस्पर्धी रहन संचालन र सूचना प्रविधिलाई मजबुत गर्ने रणनीति तयार गरेको छ । कम्पनी आफ्नो लगानीमा रहेका जोखिमहरु कम गरी भविष्यमा पूँजी बजारमा महत्वपूर्ण स्थान लिने विश्वास लिइएको छ ।

८. योजना व्यवस्थापकको सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था कम्पनीको सञ्चालक समितिको संरचना तथा प्रतिनिधित्व देहाय बमोजिम रहेको छ

क्र.सं.	विवरण	सङ्ख्या
१.	शेयरधनी श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडबाट प्रतिनिधि	३ जना
२.	स्वतन्त्र व्यवसायिक सञ्चालक	२ जना
	जम्मा	५ जना

स्वतन्त्र व्यवसायिक सञ्चालकको नियुक्ति समितिले गर्ने प्रावधान रहेको छ ।

९. योजना व्यवस्थापकको पूँजी संरचना (अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी) सम्बन्धी जानकारी

(क) अधिकृत पूँजी : ५०,००,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले जम्मा रु. ५०,००,००,००० ।- (अक्षरेपी पचास करोड)
(ख) जारी पूँजी : १४,५०,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले रु. १४,५०,००,००० ।- (अक्षरेपी चौध करोड पचास लाख)
(ग) चुक्ता पूँजी : १०,१५,००० कित्ता शेयर प्रति शेयर रु. १०० का दरले रु. १०,१५,००,०००।- (अक्षरेपी दश करोड पन्ध्र लाख) रहेको छ ।

१०. योजना व्यवस्थापकको सञ्चालकसम्बन्धी जानकारी

क्र.सं.	नाम	पद	वर्ष	ठेगाना	राष्ट्रियता	शैक्षिक योग्यता	अनुभव
१.	श्री ज्योति प्रकाश पाण्डे (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको तर्फ बाट)	अध्यक्ष	५१	वडा नं. ५, मानभवन, ललितपुर	नेपाली	एम.बि.ए.	- नेपाल इन्भेष्टमेण्ट बैंकमा १ वर्ष देखि प्रमुख कार्यकारी अधिकृतको रुपमा कार्यरत । - नेपाल इन्भेष्टमेण्ट बैंकमा १३ वर्षको कार्य अनुभव । - विभागीय प्रमुख तथा शाखा प्रमुख, हिमालयन बैंक लि, १० वर्षको कार्य अनुभव । - विभागीय प्रमुख, अन्तर्राष्ट्रिय बैंकिङ्ग, नेपाल इन्डोस्वेज बैंक, ४ वर्षको कार्य अनुभव ।
२.	श्री सचिन टिबडेवाल (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड को तर्फ बाट)	सञ्चालक	३५	वडा नं. ७ सिफल, काठमाण्डौ	नेपाली	सि.ए.	- नेपाल इन्भेष्टमेण्ट बैंकमा ५ वर्ष देखि लेखा तथा वित्तीय विभाग प्रमुखको रुपमा कार्यरत । - नेपाल इन्भेष्टमेण्ट बैंकको विभिन्न तहमा ६ वर्षको कार्य अनुभव । - सहायक प्रवन्धक, डिलोईट् हास्किन्स् एण्ड सेल्स, ३ वर्षको कार्य अनुभव । - एस.के.मेहता एण्ड को. मा ३ वर्षको कार्य अनुभव ।
३.	श्री विजेन्द्र सुवाल (नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड को तर्फ बाट)	सञ्चालक	५०	वडा नं. २, पानीपोखरी, काठमाडौं	नेपाली	इ.एम.बि.ए.	- नायब महाप्रबन्धक, नेपाल इन्भेष्टमेण्ट बैंकमा १४ वर्षको कार्य अनुभव । - सिस्टम विभाग प्रमुख, नबिल बैंकमा ८ वर्षको कार्य अनुभव । - प्रोफेसर, एस इन्सिट्युट अफ म्यानेजमेन्ट मा ५ वर्षको कार्य अनुभव ।
४.	रविन्द्र भट्टराई	स्वतन्त्र सञ्चालक	४४	वडा नं. ३, होरांफदी, तनहुँ	नेपाली	एम.बि.ए.	- लेक्चरर, शंकर देव क्याम्पस, पुतलिसडक मा १५ वर्षको कार्य अनुभव । - प्रोगाम कोअर्डिनेटर, स्नातक तह, क्यानभास इन्टरनेशनल कलेज, वशुन्धरामा कार्य अनुभव । - संचालक, सगरमाथा मर्चेन्ट बैंकिङ्ग एन्ड फाइनान्स कम्पनीमा ५ वर्षको कार्य अनुभव ।
५.	सूर्य प्रकाश श्रेष्ठ	स्वतन्त्र सञ्चालक	६२	वडा नं. १३, ताहाचल, काठमाडौं	नेपाली	पि.एच.डी. व्यवस्थापन	- वरिष्ठ संस्थागत व्यवस्थापन विशेषज्ञ, एशियन डेभलपमेन्ट बैंक, प्रमुख कार्यालय, मनिलामा ८ वर्षको कार्य अनुभव । - प्रमुख कन्सलटेन्ट, इनाब्लिङ्ग स्टेट प्रोगाम, डि.एफ.आई.डि नेपाल मा १ वर्षको कार्य अनुभव । - नायब निर्देशक, नेपाल प्रशासकिय स्टाफ कलेज, नेशनल सिभिल सर्भिस तालिम केन्द्र मा १९ वर्षको कार्य अनुभव ।

११. योजना व्यवस्थापकको उच्च व्यवस्थापकीय तहका कर्मचारीसम्बन्धी जानकारी

क्र.सं.	नाम	पद	उमेर	शैक्षिक योग्यता	अनुभव (सम्बन्धित वा अन्य)
१.	श्री शिवान्त बहादुर पाण्डे	कार्यकारी प्रमुख	३३	एम.ए. (फाइनान्सियल ईकोनोमिक्स)	- एन. आई. बि. एल क्यापिटल मार्केट्समा २ वर्ष देखि कार्यकारी प्रमुखको रुपमा कार्यरत । - विभाग प्रमुख, रिसर्च एण्ड डेभलपमेन्ट, नेपाल इन्भेष्टमेण्ट बैंक, ५ वर्षको कार्य अनुभव । - प्रबन्धक (लगानी), सोफिया इन्भेष्टमेण्ट प्रा. लि. १ वर्षको कार्य अनुभव । - डिलोईट टुस टोमात्सु, इमर्जिङ्ग मार्केट्स, १ वर्षको कार्य अनुभव ।
२.	श्री मेख बहादुर थापा ठाडा	महाप्रवन्धक	३४	सि.ए., हब. बि. एस.	- हाल महाप्रबन्धक, एन.आइ.बि.एल, क्यापिटल मार्केटस् लिमिटेड । - श्री सिद्धार्थ क्यापिटल लिमिटेडमा करिब ३ बर्ष प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिवको कार्य अनुभव । - श्री नेपाल धितोपत्र बोर्डमा करिब ४ वर्ष उप निर्देशकको हैसियतमा विभागिय प्रमुख तथा अन्तर्राष्ट्रिय सम्बन्धमा कार्य गरेको अनुभव । - करिब ८ वर्ष देखि विभिन्न कलेजहरुमा लेखा तथा वित्त विषयको अध्यापन गरेको अनुभव ।
३.	श्री बद्री प्रसाद प्याकुरेल	वरिष्ठ प्रवन्धक	४३	एम.ए. (अर्थशास्त्र)	- हाल मर्चेन्ट बैंकिङ्ग प्रमुख, एन.आइ.बि.एल, क्यापिटल मार्केटस् लिमिटेड । - प्रवन्धक सिभिल क्यापिटल मार्केटस् लिमिटेड, ४ वर्षको कार्य अनुभव । - सञ्चालक (सर्वसाधारण) बिराट लक्ष्मी विकास बैंक, बिराटनगर । - मर्चेन्ट बैंकिङ्ग विभाग प्रमुख, नेपाल फाइनान्स लिमिटेड, २ वर्षको कार्य अनुभव । - सहायक अधिकृत राष्ट्रिय स्तरको विकास बैंकमा, ८ वर्षको कार्य अनुभव । - कार्य अधिकृत स्थानीय विकास मन्त्रालय, १ वर्षको कार्य अनुभव । - नायव सुब्बा (भुकम्प पिडित क्षेत्रका) विद्यालय पुर्नस्थापना आयोजना, ६ वर्षको कार्य अनुभव । - नायव सुब्बा, आवास तथा भौतिक योजना मन्त्रालय, ६ महिनाको कार्य अनुभव ।
४.	श्री मनिष सुमन	प्रवबन्धक	३८	एम.बि.ए.	- हाल प्रबन्धक, एन.आइ.बि.एल, क्यापिटल मार्केटस् लिमिटेड । - कोष व्यवस्थापक, बैंक अफ मान्ट्रियल, टोरोन्टो, क्यानडा, ६ वर्षको कार्य अनुभव । - पोर्टफोलियो एनालिस्ट, बैंक अफ मन्ट्रियल, टोरोन्टो, क्यानडा, २ वर्षको कार्य अनुभव । - वित्तिय एसोसियट, यू. एस बिजनेश ब्रोकर्स एन्ड कन्सलटेन्ट, न्यूयोर्क, अमेरीका, ५ वर्षको कार्य अनुभव ।
५.	श्री संविर बादे श्रेष्ठ	प्रवन्धक	३०	ए.सि.सि.ए.	- हाल प्रवन्धक, एन.आइ.बि.एल, क्यापिटल मार्केटस् लिमिटेड । - सहायक प्रवन्धक, बि.डि.ओ इन्टरनेशनल, संयुक्त राज्य । लेखा परीक्षण र एड्भाईजरीमा २ वर्षको कार्य अनुभव । - लेखा प्रमुख, वार्ड विलियम्स चार्टड एकाउनटेन्ट्स, ४ वर्षको कार्य अनुभव - लेखा सहायक, जोहरा एन्ड कम्पनि चार्टड एकाउन्टेन्ट्स, २ वर्षको कार्य अनुभव । - ट्रेनी, जे.ए.गम्भिर एन्ड कम्पनी चार्टड एकाउनटेन्ट्स, ६महिनाको कार्य अनुभव ।
६.	श्री पराग विष्ट	प्रवन्धक	३३	एम.कम.	- हाल प्रवन्धक, एन.आइ.बि.एल, क्यापिटल मार्केटस् लिमिटेड । - सहायक भाइस प्रिसिडेन्ट, मुख्य कर्नाटाका, ईण्डिया इन्फोलाइन लिमिटेड, १ वर्षको कार्य अनुभव ।

१२. योजना व्यवस्थापकको वित्तीय विवरण सम्बन्धी जानकारी

एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडले कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६९ साल श्रावण १५ गतेबाट संचालन अनुमति पाएकोले सोही अनुसारको संचालन अवधि आर्थिक वर्ष २०७०/७१ को लेखापरिक्षण भएको वित्तीय विवरणहरु देहाय बमोजिम रहेको छ ।

क. वासलात

विवरण	वास्तविक (रु हजारमा)		
	२०६९असार मसान्त	२०७० असार मसान्त	२०७१ असार मसान्त
शेयर पूँजी तथा दायित्व			
१. शेयर पूँजी		१,०१,५००.००	१,०१,५००.००
२. जगेडा तथा कोषहरु		८३९.७४	७,१४०.४६
३. भुक्तानी दिनुपर्ने दायित्वहरु		-	-
४. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश		-	-
५. स्थगन कर दायित्व		६०४.१७	४९८.९३
६. आयकर दायित्व		-	-
७. अन्य चालु दायित्व		४९९.८३	१,३३०.३६
जम्मा		**१,०३,४४३.७४**	**१,१०,४६९.७५**
सम्पत्ती			
१. नगद मौज्दात		१.९५	४.९१
२. बैंक तथा वित्तीय संस्थाहरुमा रहेको मौज्दात		९२,५६६.८४	८४,५२४.०४
३. लगानी		१,२२८.७५	१,१९६.७८
४. स्थिर सम्पत्ति		३,७५२.९१	६,२३६.५४
५. अन्य सम्पत्ति		५,८९३.२९	१८,५०७.४८
जम्मा		**१,०३,४४३.७४**	**१,१०,४६९.७५**

ख. नाफा नोक्सान हिसाब

विवरण	वास्तविक (रु हजारमा)		
	आ.व.२०६८/६९	आ.व.२०६९/७०	आ.व.२०७०/७१
व्यवसायिक आम्दानी			
बिक्री प्रवन्धबाट आम्दानी		२१८.४४	८७८.७५
शेयर रजिष्ट्रार सेवाबाट आम्दानी		-	४३७.५०
प्रत्याभूति सेवाबाट आम्दानी		४८५.६३	-
लगानी व्यवस्थापनबाट आम्दानी		-	९.००
अन्य आम्दानी		४२२.३२	२,९०८.४९
ब्याज आम्दानी		८,२५६.२२	५,९८२.५५
संकलन केन्द्र शुल्क आम्दानी		-	१,५२७.९१
लगानीबाट आम्दानी		-	१०,५७८.५८
कुल व्यवसायिक आम्दानी		**९,३८२.६०**	**२२,३२२.७८**
नेपाल धितोपत्र बोर्ड शुल्क		(३५.२०)	(६६.२६)
कर्मचारी तथा प्रशासनिक खर्चहरु			
कर्मचारी खर्च		(४,७५१.९७)	(८,७६१.६६)
कार्यालय तथा प्रशासनिक खर्चहरु		(२,५३१.६७)	(४,१२५.४४)
सञ्चालन मुनाफा		**२,०६३.७६**	**९,३६९.४२**
ब्याज खर्च		-	-
पूर्व सञ्चालन खर्च		(४७५.४५)	(४७५.४५)
बोनस तथा कर अघिको मुनाफा		**१,५८८.३१**	**८,८९३.९७**
कर्मचारी बोनस व्यवस्था		(१,४४.३९)	(८०८.५४)
कर अघिको मुनाफा		१,४४३.९१	८,०८५.४३
आयकर व्यवस्था		-	(१८८९.९६)
स्थगन कर खर्च		(६०४.१७)	१०५.२४
कर पछिको खुद मुनाफा		**८३९.७४**	**६३,००.७१**

१३. योजना व्यवस्थापकको लेखापरीक्षकको नाम तथा ठेगाना

श्री सुन्दर एण्ड कम्पनी चार्टर्ड एकाउन्टेन्टस्, पुल्चोक, ललितपुरलाई योजना व्यवस्थापकको साधारणसभाले आर्थिक वर्ष २०७०/७१ को लागि नियुक्त गरिएको । आ.व. २०७१/७२ को लेखापरिक्षक नियमानुसार साधारण सभाले नियुक्त गर्नेछ र लेखापरिक्षकले योजना व्यवस्थापकको लगातार तीन वर्षको मात्र लेखापरिक्षण गर्न पाउनेछ ।

१४. कोष सुपरिवेक्षकको व्यवसायिक अनुभव, मुख्य पेशा व्यवसाय तथा हाल कायम रहेको जिम्मेवारी

क्र.सं.	नाम	व्यवसायिक अनुभव	मुख्य पेशा/व्यवसाय	हाल कायम रहेको जिम्मेवारी
१.	शम्भु राम सिम्खडा	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा २८ वर्ष भन्दा बढीको कार्यअनुभव	राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आर्थिक परामर्श सम्बन्धी विज्ञ	संस्थापक, चिरनमिलन वर्ल्डपिस क्याम्पस काठमाण्डौ नेपाल
२.	जितेन्द्र बहादुर राजभण्डारी	३६ वर्ष भन्दा बढीको व्यवसायिक अनुभव	चार्टर्ड एकाउन्टेन्सी	प्रमुख पार्टनर जे.बि.राजभण्डारी एण्ड डिबिनस्, चार्टर्ड एकाउन्टेन्टस्
३.	डा.दुर्गेश मान सिंह	अर्थशास्त्री, योजना आयोग, र विभिन्न देशहरुको नेपाल सरकारको राजदूतको रुपमा कार्यरत ।	आर्थिक तथा राजनैतिक क्षेत्रमा विज्ञ	अध्यक्ष, गुञ्जमान सिंह हस्पिटल, पिठुवा, चितवन
४.	मधुकर शमशेर ज.ब.रा.	४५ वर्ष भन्दा बढी अर्थ विज्ञको रुपमा कार्यरत ।	शिक्षण	प्राध्यापक, साउथ एसिएन इन्स्टीटयूट् अफ म्यानेजमेन्ट
५.	डा.बिमल प्रसाद कोइराला	नेपाल सरकारको मुख्य सचिव सहित २७ वर्ष सरकारी सेवा र ६ वर्ष अन्तर्राष्ट्रिय वित्तिय एवं विकास संस्थाको अनुभव	परामर्शदाता	स्वतन्त्र आर्थिक परामर्शदाता

१५. योजना सम्बन्धमा कोष सुपरिवेक्षकको भूमिका

प्रचलित कानुनको अधीनमा रही योजना सञ्चालन गर्न योजनाको विवरण पुस्तिकाको अध्ययन गरी स्वीकृतिको लागि अनुमोदन गर्ने, योजना व्यवस्थापकले प्रचलित कानुन तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने, सहभागीको हित संरक्षण गर्ने, योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारवाहीको सुपरिवेक्षण गर्ने, योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने, योजना अन्तर्गतका सम्पत्ति तथा कागजातहरु सुरक्षितसाथ राखिए नराखिएको सुपरिवेक्षण गर्ने, बोर्डबाट स्वीकृत योजना बमोजिम योजना सञ्चालन भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने, योजना सम्बन्धमा प्राप्त गुनासोहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने, योजना व्यवस्थापनसम्बन्धी प्रतिवेदन तयार गरी समय समयमा बोर्डमा पेश गर्ने, योजना व्यवस्थापकसँग योजना व्यवस्थापकले गरेको काम कारवाहीबारे कुनै विवरण वा जानकारी माग गर्न सक्ने, माग गरिएको विवरण वा जानकारीबाट वा अन्य कुनै श्रोतबाट योजना व्यवस्थापकको काम कारवाहीमा अनियमितता देखिएमा वा काम कारवाही सन्तोषजनक नदेखिएमा त्यस्तो काम कारवाही रोक्न वा सन्तोषजनक रुपमा सम्पादन गर्न योजना व्यवस्थापकलाई निर्देशन दिन सक्ने दिइएको निर्देशन योजना व्यवस्थापकले पालना नगरेमा सोको जानकारी बोर्डलाई दिने, योजना व्यवस्थापकले ऐन वा नियमावलीको उल्लङ्घन गरेमा वा आफ्नो निर्देशन बारम्बार उल्लङ्घन गरेमा योजना व्यवस्थापक परिवर्तन गर्ने आदेश जारी गर्न बोर्डलाई अनुरोध गर्न सक्ने लगायतको भूमिका कोष सुपरिवेक्षकबाट निर्वाह हुनेछ ।

१६. कोष सुपरिवेक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

(क) योजना व्यवस्थापकले प्रचलित कानून तथा सम्झौता बमोजिम कोषको व्यवस्थापन गरेको छ भन्ने कुरा सुनिश्चित गर्ने,
(ख) योजना व्यवस्थापक तथा डिपोजिटरीको काम कारबाहीको सुपरिवेक्षण गर्ने,
(ग) योजनाको खुद सम्पत्ति मूल्यको जाँच गर्ने,
(घ) योजना अन्तर्गतको सम्पत्ति तथा कागजातहरु सुरक्षित रुपमा राखिए नराखिएको सुपरिवेक्षण गर्ने,
(ङ) नेपाल धितोपत्र बोर्डबाट स्वीकृत योजना बमोजिम योजना संचालन भए नभएको सुपरिवेक्षण गर्ने,
(च) योजना व्यवस्थापकले राखेको अभिलेख दुरुस्त रहे नरहेको सुपरिवेक्षण गर्ने,
(छ) योजना सम्बन्धमा प्राप्त गुनासाहरु समाधान भए नभएको सुपरिवेक्षण गर्ने,
(ज) योजना व्यवस्थापकले समयमा लेखापरिक्षण गराए नगराएको, तोकिए बमोजिम विवरण सार्वजनिक गरे नगरेको तथा नेपाल धितोपत्र बोर्ड समक्ष पेश गर्नुपर्ने विवरण तथा जानकारी समयमा पेश गरे नगरेको सुनिश्चित गर्ने तथा त्यस्तो नगरेको पाइएमा गर्न लगाउने,
(झ) योजनाको धितोपत्र, रकम, ब्याज, लाभांश वा आम्दानी प्राप्त गर्न वा सहभागीलाई वितरण गर्न योजना व्यवस्थापकलाई निर्देशन दिने,
(ञ) सामुहिक लगानी कोष नियमावली २०६७ तथा सो अन्तर्गत जारी गरिने निर्देशिकाले तोके बमोजिम योजना व्यवस्थापन सम्बन्धी प्रतिवेदन, योजना व्यवस्थापकले योजनाको संचालन स्वतन्त्रपूर्वक गरेको तथा सहभागीको हित रक्षागर्न पर्याप्त कदम चालेको कुराको प्रमाण कागजात आदि तयार गरि तोकिएको समयमा नेपाल धितोपत्र बोर्डमा पेश गर्ने,
(ट) नेपाल धितोपत्र बोर्डले तोकिदिए बमोजिमका अन्य कार्य गर्ने

१७. योजनाको उद्देश्य तथा लगानी क्षेत्र

इकाई बिक्रीबाट सङ्कलित रकम योजना व्यवस्थापकले दक्षतापूर्वक योजनाले तोकेको लगानीका क्षेत्रहरुमा लगानी गरी आवेदकहरुलाई उच्च प्रतिफल दिई धितोपत्र बजारको दिगो विकासमा समेत एक संस्थागत लगानीकर्ताको हैसियतमा सघाउ पुऱ्याउने उद्देश्यले यस योजनाको इकाईहरु निष्काशन गरिएको हो ।
नियमावलीको नियम ३४ एवं निर्देशिकाको अधिनमा रही इकाई बिक्रीबाट उठेको वा सकलन भएको रकम देहाय बमोजिमको कुनै वा सबै क्षेत्रमा लगानी हुनेछ:
१. बोर्डमा दर्ता भएको धितोपत्र ।
२. सार्वजनिक निष्काशन भएको धितोपत्र ।
३. धितोपत्र विनिमय बजारमा सूचीकृत धितोपत्र ।
४. नेपाल सरकारले जारी गरेको वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र, ट्रेजरी बिल तथा मुद्रा बजारका अन्य साधनहरु ।
५. बैंक निक्षेप ।
६. मुद्रा बजार उपकरण ।
७. बोर्डले तोकिदिएको अन्य क्षेत्र ।

१८. योजनाको ७ वर्ष सम्मको लागि गरिएको वित्तीय प्रक्षेपण देहाय बमोजिम रहेको छ

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७
१. स्थिर आय हुने क्षेत्र							
क) मुद्धती खाता	५.०%	४.८६%	४.६६%	४.५४%	४.४१%	४.१६%	३.७८%
ख) ऋणपत्रहरु	८%	७.७७%	७.४५%	७.२६%	७.०६%	६.६५%	६.०५%
२. साधारण शेयर	७८%	७९.११%	८१.१७%	८३.७३%	८५.३२%	८६.६६%	८७.३३%
३. म्युचुअल फण्ड	२.०%	१.९४%	१.८६%	१.८२%	१.७६%	१.६६%	१.५१%
४. प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकम/माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	७.०%	६.३२%	४.८६%	२.६५%	१.४५%	०.८७%	१.३३%

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७
आम्दानी							
व्याज आम्दानी	२,६००.००	२,६००.००	२,६००.००	२,६००.००	२,६००.००	२,६००.००	२,६००.००
नगद लाभांश	१८,५०३.४१	१९,४३०.९५	२३,६३५.९८	२७,७६४.६३	३१,३४१.८७	३३,९३६.३३	३६,२८८.७५
बोनश शेयरको बिक्रीबाट आर्जित	२९,३३२.३०	३३,०३६.४६	४४,३६६.५८	५५,८६४.१२	६४,९१२.२७	७२,९६६.७५	७१,२०२.९८
हकप्रद शेयरको बिक्रीबाट आर्जित	१८,५६०.१४	२०,७४०.२८	२४,९३२.६१	२८,८९८.४८	३२,७३०.०४	३५,७६६.३१	३४,४३०.०७
सामुहिक लगानी कोषबाट आम्दानी	८००.००	१,६००.००	१,६००.००	१,६००.००	१,६००.००	१,६००.००	१,३६०.००
IPO शेयर बिक्रीबाट आर्जित	३,८६२.५०	१०,४२७.५०	५,००५.२०	२,८०२.९१	२,३५४.४५	१,८८३.५६	४,९०७.७१
ऋणपत्रबाट आम्दानी	२,८००.००	४,४८०.००	४,४८०.००	४,४८०.००	४,४८०.००	२,१७२.८०	२,१७२.८०
धितोपत्र खरिद बिक्री गर्दा हुने	३६,७२१.६६	६५,१३९.८७	८४,३६८.९०	१०६,३१८.२७	१३८,२३२.८०	१८४,९१२.११	१११,२३४.९७
व्याज आम्दानी (कल निक्षेपमा)	५,१११.४२	८४५.४२	४७७.६६	२३२.८९	१३१.६५	८२.४१	५,१६२.६७
जम्मा आम्दानी	**११८,२९१.४२**	**१५८,३००.४८**	**१९१,४६६.९३**	**२३०,५६१.३०**	**२७८,३८३.०७**	**३३८,२२७.४६**	**२६९,३५९.९५**
खर्च							
धितोपत्र दलाली शुल्क	४,६३९.४८	७,७६३.८२	९,५२७.०६	११,१८८.८०	१३,३१४.७९	१६,०७९.२८	१०,२२१.६२
लेखापरिक्षक शुल्क	५०.००	५०.००	५०.००	५५.००	५५.००	५५.००	६०.००
केन्द्रिय निक्षेप शुल्क	६.१२	१०.८६	१४.०६	१७.७२	२३.०४	३०.८२	३७.०८
योजना दर्ता शुल्क	८००.००						
सुचिकरण तथा नविकरण शुल्क	६००.००	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००
सुचना तथा विज्ञापन	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००	५०.००
कानुनी शुल्क	६०.००	६०.००	६०.००	६५.००	६५.००	७०.००	७०.००
निष्काशन शुल्क	२८५०.००						
जम्मा खर्च	**९,०५५.६०**	**७,९८४.६७**	**९,७५१.१२**	**११,४२६.५२**	**१३,५५७.८२**	**१६,३३५.०९**	**१०,४८८.६९**
कर अगाडी नाफा	१०९,२३५.८२	१५०,३१५.८०	१८१,७१५.८१	२१९,१३४.७८	२६४,८२५.२५	३२१,८९२.३७	२५८,८७१.२६
आयकर व्यवस्था							
कर पछिको नाफा	१०९,२३५.८२	१५०,३१५.८०	१८१,७१५.८१	२१९,१३४.७८	२६४,८२५.२५	३२१,८९२.३७	२५८,८७१.२६
सञ्चालन मुनाफा/(नोक्सान)	**१०९,२३५.८२**	**१५०,३१५.८०**	**१८१,७१५.८१**	**२१९,१३४.७८**	**२६४,८२५.२५**	**३२१,८९२.३७**	**२५८,८७१.२६**
जम्मा इकाई पूँजी (क)	८,००,०००.००	८,००,०००.००	८,००,०००.००	८,००,०००.००	८,००,०००.००	८,००,०००.००	८,००,०००.००
जगेडा कोष							
सञ्चित मुनाफा	१०९,२३५.८२	२५९,५५१.६२	४४१,२६७.४३	६६०,४०२.२१	९२५,२२७.४६	१,२४७,११९.८२	१,५०५,९९१.०८
आर्जन हुन बँकी नाफा	१६,१२०.७७	२९,१७५.१४	४७,९८६.५५	७७,४५१.५५	१२३,२८१.००	१९३,८७४.०३	(९३,८८२.८२)
जम्मा जगेडा तथा कोष (ख)	**१२५,३५६.५९**	**२८८,७२६.७६**	**४८९,२५३.९८**	**७३७,८५३.७६**	**१,०४८,५०८.४६**	**१,४४०,९९३.८५**	**१,४१२,१०८.२६**
कोष व्यवस्थापन शुल्क, सुपरिवेक्षक शुल्क तथा डिपोजीटरी शुल्क अघिको खुद सम्पति मूल्य (ग) =(क+ ख)	**९२५,३५६.५९**	**१,०८८,७२६.७६**	**१,२८९,२५३.९८**	**१,५३७,८५३.७६**	**१,८४८,५०८.४६**	**२,२४०,९९३.८५**	**२,२१२,१०८.२६**
कोष व्यवस्थापन शुल्क	१५,०९६.८७	१७,६२३.२३	२०,८०७.३३	२४,७३७.१९	२९,६३०.६७	३५,७८३.१५	३८,९६४.६४
सुपरिवेक्षक शुल्क	२,५८८.०३	३,०२१.१३	३,५६६.९७	४,२४०.६६	५,०७९.५४	६,१३४.२५	६,६७९.६५
डिपोजीटरी शुल्क	४,३१३.३९	५,०३५.२१	५,९४४.९५	७,०६७.७७	८,४६५.९१	१०,२२३.७६	११,१३२.७६
जम्मा शुल्क (घ)	**२१,९९८.३०**	**२५,६७९.५६**	**३०,३१९.२५**	**३६,०४५.६२**	**४३,१७६.१२**	**५२,१४१.१५**	**५६,७७७.०५**
खुद सम्पती मुल्य (ङ)=(ग)+(घ)	**९०३,३५८.२९**	**१,०६३,०४७.२०**	**१,२५८,९३४.७३**	**१,५०१,८०८.१४**	**१,८०५,३३२.३४**	**२१८८,८५२.७०**	**२,१५५,३३१.२१**
कुल एकाई सङ्ख्या (च)	**८०,०००.००**	**८०,०००.००**	**८०,०००.००**	**८०,०००.००**	**८०,०००.००**	**८०,०००.००**	**८०,०००.००**
प्रति एकाई खुद सम्पती मुल्य (ङ/च)	**११.२९**	**१३.२९**	**१५.७४**	**१८.७७**	**२२.५७**	**२७.३६**	**२६.९४**
लगानीमा प्रतिफल	**१२.९२%**	**१९.२३%**	**२४.९२%**	**३२.५७%**	**४३.१२%**	**५७.९५%**	**१३.५३%**

योजना व्यवस्थापकले योजनाको वित्तीय विवरणहरु तयार गर्दा हालको धितोपत्र बजारको विद्यमान अवस्था, बजारमा विद्यमान तरलताको अवस्था, भविष्यमा बजारबाट प्राप्त हुने प्रतिफल तथा जोखिम आदिलाई दृष्टिगत गरी यथोचित रुपमा प्रस्तुत गरेको छ र सो वित्तीय प्रक्षेपणका आधारहरुलाई तल प्रस्तुत गरिएको छ । साथै उक्त वित्तीय विवरणहरु योजना व्यवस्थापक कम्पनी श्री एनआइबिएल क्यापिटल मार्केट्स लि.ले तयार गरेको हो र सोको पुनरावलोकन तथा प्रमाणिकरण श्री एस बस्नेत एण्ड कम्पनीका चार्टर्ड एकाउन्टेन्ट श्री सुरज बस्नेतले गर्नु भएको हो । यसमा उल्लेख गरिए अनुसारको लगानी संरचना, योजनाको आम्दानी तथा अनुमानित लाभांसमा योजनाले लगानी गर्न शुरु गरे पश्चात बजारमा उपलब्ध लगानी अवसरका कारणले भिन्नता आउन सक्नेछ ।

प्रक्षेपित प्रतिफलका आधारहरु

विवरण	वर्ष १	वर्ष २	वर्ष ३	वर्ष ४	वर्ष ५	वर्ष ६	वर्ष ७
१. स्थिर आय							
क) मुद्धती खाता	६.५%	६.५%	६.५%	६.५%	६.५%	६.५%	६.५%
ख) ऋणपत्रहरु	७.०%	७.०%	७.०%	७.०%	७.०%	७.०%	७.०%
२. साधारण शेयर	६.०%	६.०%	६.०%	६.०%	६.०%	६.०%	६.०%
३. म्युचुअल फण्ड	१०.०%	१०.०%	१०.०%	१०.०%	१०.०%	१०.०%	१०.०%
४. शेयर: नगद लाभांश	११.०%	११.०%	११.०%	११.०%	११.०%	११.०%	११.०%
५. बोनस शेयर	८.३५%	८.३५%	८.३५%	८.३५%	८.३५%	८.३५%	८.३५%
६. हकप्रद शेयर	८.०%	८.०%	८.०%	८.०%	८.०%	८.०%	८.०%
७. व्याज आम्दानी : माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३.०%	३.०%	३.०%	३.०%	३.०%	३.०%	३.०%
८. आई. पि.ओ. शेयरको बिक्री	५०.०%	५०.०%	५०.०%	५०.०%	५०.०%	५०.०%	५०.०%
९. आर्जित नाफा/(नोक्सान)	१०.९०%	१५.५८%	१८.९२%	२२.८९%	२७.७१%	३३.७२%	२५.२६%
१०.आर्जित हुन बाँकी (Unrealized) पूँजीगत नाफा/(नोक्सान)	२.०२%	३.६५%	६.००%	९.६८%	१५.४१%	२४.२३%	(११.७४)%
११.लगानीमा प्रतिफल	१२.९२%	१९.२३%	२४.९२%	३२.५७%	४३.१२%	५७.९५%	१३.५३%

- प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकम/ माग तथा अल्प सूचनामा प्राप्त हुने रकम : शुरुका वर्षहरुमा प्राथमिक शेयरमा लगानी गर्न छुट्याईएको रकममध्ये सम्पूर्ण रकम लगानी गर्नको लागि सोही अनुसारको बजारमा प्राथमिक शेयरको निस्काशन नभएको खण्डमा त्यसलाई माग तथा अल्प सूचनामा (कल एकाउन्ट) लगानी गर्न सकिनेछ ।
यो योजनाले नियमित रुपमा बजारमा देखिएका लगानीको अनुकुलता अथवा प्रतिकुलताको आधारमा योजना अन्तर्गत बिभिन्न क्षेत्रमा भएको लगानीको अनुपातलाई फेरबदल गर्न सक्नेछ ।

१९. योजनाको मुनाफा वितरणको लक्ष्य तथा कर सम्बन्धी व्यवस्था

योजनाले कमाएको खुद मुनाफाको अनुपातमा इकाईको अङ्कित मूल्यको आधारमा मुनाफा वितरण गरिनेछ । खुद मुनाफामध्ये आवश्यकतानुसार सञ्चित मुनाफा (Retained Earning) पुन: लगानी गरिनेछ । प्रचलित कानुनले निर्धारण गरेबमोजिम हुनेछ ।

२०. योजनामा अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

क) सामान्य जोखिम तत्वहरु

१. सामूहिक लगानी कोष अन्तर्गत योजनाको लगानी धितोपत्र बजारलगायत अन्य विभिन्न क्षेत्रमा प्रवाह गरिने हुँदा धितोपत्र बजार तथा त्यस्तो लगानीमा निहित जोखिमले योजनाको लगानीको प्रतिफलमा प्रत्यक्ष असर पर्दछ ।
२. योजनाको खुद सम्पत्ति मूल्य योजनाले गरेको लगानीको मुल्याङ्कनबाट गणना गरिएको हुन्छ । यसको लगानीमध्ये धितोपत्र बजारमा सूचिकृत धितोपत्रहरुमा गरेको लगानीको सम्पत्ति मूल्यमा त्यस्ता धितोपत्रको मूल्यमा हुने उतार चढावले प्रभाव पार्ने हुँदा योजनाको खुद सम्पत्ति मूल्यमा समेत त्यसको प्रत्यक्ष प्रभाव रहने गर्दछ र सोही बमोजिम घटबढ हुने गर्दछ ।
३. योजना व्यवस्थापकले बजारको विद्यमान अवस्थाको विश्लेषण गरी स्वतन्त्र रुपमा योजनाको सञ्चालन तथा व्यवस्थापन गर्ने र प्रचलित कानून बमोजिम यसको हिसाब किताब समेत छुट्टै रुपमा राख्ने र सोको नियमित रिपोर्टिङ्ग गर्ने गर्दछ । योजनाको रकम लगानी गर्दा योजना व्यवस्थापकको दक्षताले योजनाको कार्यसम्पादनकोस्तर (Performance Level) निर्धारण गर्ने भए तापनि कोष प्रवर्द्धक, योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षकको विगतको कार्यले यस योजनाको नतिजालाई सङ्केत वा निर्देशन गर्दैन ।
४. योजनाको सञ्चालन तथा व्यवस्थापन प्रचलित कानुनको अधिनमा रही योजना व्यवस्थापकले नै गर्दछ । योजनामा कुनै प्रकारको हानी नोक्सानी भएमा सोको जिम्मेवारी कोष प्रवर्द्धकले लिदैन ।
५. यस योजना अर्न्तगत इकाईहरु निष्काशन गरी संकलन गरिएको रकम विभिन्न क्षेत्रमा लगानी गरिन्छ । योजना व्यवस्थापकले आफ्नो दक्षताको उपयोग गरी लगानी जोखिम कम गर्ने तथा मुनाफा बृद्धि गर्ने विषयलाई दृष्टिगत गरी कोषको सुव्यवस्थापन गर्ने भएतापनि योजनाले भविष्यमा राम्रो गर्ने वा मुनाफा दिने कुराको सुनिश्चितता भने गर्दैन ।

(ख) खास जोखिम तत्वहरु

१. यस योजना अर्न्तगत लगानी गर्ने लगानीकर्ताहरुले इकाईको अङ्कित मूल्यमा लगानी गरेको अनुपातमा योजनाले कमाएको खुद मुनाफाको आधारमा लाभांश पाउने छन् । यस्तो लाभांश योजनाले आफ्नो लगानी बापत प्राप्त गर्ने पूँजीगत मुनाफा, ब्याज, लाभांश, शेयर प्रत्याभूति कमिशन वा सम्पत्तिको मूल्य बृद्धि (capital gain) वा अन्य वित्तीय कारोबारबाट प्राप्त भएको आम्दानीबाट दिनेछ । प्रत्येक आर्थिक वर्षमा योजनाले खुद मुनाफा बाट लाभांश दिने निर्णय गर्नेछ । खुद मुनाफा बाट लाभांश कट्टा गरी बाँकी रहेको रकम सञ्चित मुनाफा (retained earning) को रुपमा रहनेछ । कुनै वर्ष योजनाको आम्दानीले लाभांश वितरण गर्न नसक्ने अवस्था आएमा सञ्चित मुनाफा बाट पनि लाभांश दिन सकिनेछ । योजनाले हरेक वर्ष मुनाफा दिने सुनिश्चितता भने हुँदैन ।
२. सामूहिक लगानी कोष सम्बन्धी कानूनी व्यवस्था तथा नीतिहरुमा कुनै परिवर्तन भएमा योजना सञ्चालन तथा सोको प्रतिफलमा समेत सोही अनुरुप असर पर्ने हुन्छ । साथै बजारको अवस्था, बजारलाई असर पार्ने तत्वहरुले समेत योजनामा असर पार्ने हुन्छ । योजनाले धितोपत्र बजारमा सूचिकृत धितोपत्रमा लगानी गर्ने र बजारको अवस्था हेरी योजनाको नाममा धितोपत्र खरीद बिक्री गर्ने हुँदा सोको राफसाफ प्रकृयाले योजनाको रकम प्राप्त गर्न लाग्ने समय निर्भर हुन्छ । ढिलो गरी रकम प्राप्त हुने अवस्थामा उक्त रकमबाट आर्जन हुन सक्ने ब्याज आम्दानीमा घटबढ हुन गई योजनाको आम्दानीमा असर पर्दछ । धितोपत्रको खरीद बिक्रीमा हुने ढिलाइले बजार जोखिमसमेत आकर्षित हुनसक्दछ । साथै सामान्यतया वित्तीय क्षेत्रमा कायम हुने ब्याजदर र धितोपत्रको लगानीबीच विपरित सम्बन्ध (Inverse relation) हुनेहुँदा सोको असर योजनाको खुद सम्पत्ति मूल्यमा समेत पर्न सक्दछ ।
३. योजनाको कुल रकम मध्ये केही रकम बैंक निक्षेप तथा बण्ड/डिबेन्चरहरुमा समेत लगानी गरिने हुँदा निक्षेपमा प्राप्त हुने ब्याजदरमा परिवर्तन हुँदा योजनाको आयमा समेत असर पर्दछ । सम्पत्तिको मूल्याङ्कन (Valuation) प्रचलित ब्याजदरलाई आधार मानी गरिने हुँदा प्रचलित ब्याजदरमा हुने परिवर्तनले योजना अर्न्तगतको सम्पत्तिको मूल्याङ्कनमा समेत परिवर्तन हुन्छ ।
४. योजना अर्न्तगतका इकाईहरु बिक्रीका लागि बोर्डमा दर्ता गराउने, विवरण पुस्तिका स्वीकृत गरी बिक्री खुल्ला गर्ने, बिक्री बन्द गर्ने, बाँडफाँड गर्ने, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत गराई दोस्रो बजारमा कारोबारको व्यवस्था गराउने, सूचीकरण तथा वार्षिक नवीकरण गर्ने योजनाको लेखापरीक्षण गराउने योजनाको विज्ञापन गर्ने, कानुनी सेवा लिने, नियमावलीको व्यवस्थाबमोजिम योजना सम्बन्धी सूचना प्रकाशित गर्ने आदि कार्यका लागि लाग्ने खर्चहरु योजनाको कुल सम्पत्ति मूल्यबाट कट्टा गरी योजनाको खुद सम्पत्ति मूल्य गणना गरिने हुँदा यस्ता खर्चहरुले योजनाको खुद सम्पत्ति मूल्यमा केही प्रभाव पार्दछ ।
५. योजनाले इक्वीटीमा आधारित उपकरणमा गरेको लगानीको सुरक्षा र प्रतिफल कम्पनीको अवस्था र बजारको स्थितिमा निर्भर रहने हुँदा यस्ता उपकरणहरुमा भएको लगानीमा यी दुवै किसिमका जोखिमहरु अर्न्तनिहित रहेका हुन्छन् ।
६. योजनाले सरकारी ऋणपत्रका अतिरिक्त अन्य क्षेत्रले जारी गर्ने ऋणपत्रहरुमा समेत लगानी गर्ने र यस्तो ऋणपत्रमा भएको लगानी फिर्ता हुने विषय ऋणपत्र जारी गर्नेको मनसाय र क्षमतामा समेत निर्भर रहनेहुँदा यस्तो ऋणपत्रमा गरेको लगानी सरकारी ऋणपत्रमा गरेको लगानी सरह सुरक्षित र जोखिमरहित हुँदैन ।
७. योजनाले धितोपत्रमा गरेको लगानीलाई तरल सम्पत्तिमा परिणत गर्ने विषय लगानी गरिएको धितोपत्रके तरलतामा निर्भर रहनेहुँदा योजनाको तरलतामा धितोपत्रमा भएको लगानीको जोखिम विद्यमान रहन्छ ।
८. ब्याजदरमा परिवर्तन हुने जोखिम अर्थतन्त्रमा हुने गतिविधिमा निर्भर गर्दछ । विभिन्न आर्थिक उतारचढावको असर ब्याजदरमा समेत पर्न सक्छ र यस अवस्थामा ब्याजदरको परिवर्तनबाट हुने जोखिम योजनामा समेत पर्न सक्दछ ।
९. ऋणपत्रमा तथा बैंक निक्षेपमा गरेको लगानीबाट प्राप्त ब्याज आम्दानीलाई प्रत्येक वर्षको नाफा नोक्सान हिसाबमा गणना गरिएको छ । त्यसकारण पुर्नलगानी जोखिम रहेको छैन ।
१०. योजनाले विभिन्न प्रकारको धितोपत्रमा लगानी गर्ने हुन्छ । यी धितोपत्रहरुमा शेयर, अग्राधिकार शेयर, डिबेन्चर, सरकारी ऋणपत्र आदि हुन्छन् । यी धितोपत्रको प्रकृतिको आधारमा शेयरको तुलनामा अग्राधिकार शेयर त्यसपछि संस्थागत डिबेन्चर कम जोखिमपूर्ण हुन्छन् भने सरकारी ऋणपत्रलाई जोखिमरहित धितोपत्र मानिन्छ । योजनाले यस्ता धितोपत्रमा गरेको लगानीमा लगानी अनुपात अनुरुपको जोखिम रहन्छ ।
११. योजनाले यस्ता उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । भविष्यमा यस्ता उपकरणहरुमा लगानी गर्ने अवसर उपलब्ध भएमा बोर्डको स्वीकृतिमा लगानी गर्न सकिनेछ । त्यस्तो अवस्थामा यस्ता उपकरणहरुमा निहित जोखिम तत्वको असर योजनाको जोखिम तथा प्रतिफलमा समेत पर्न सक्छ ।
१२. योजनाले हाल यस प्रकारको उपकरणहरुमा लगानी गर्ने उद्देश्य राखेको छैन । यस्ता उपकरणमा लगानी गर्ने अवसर प्राप्त भएको अवस्थामा बोर्डको स्वीकृति लिई लगानी गरिनेछ । त्यसरी लगानी गरिएको अवस्थामा विदेशी मुद्रा परिवर्तनबाट हुने जोखिम योजना र यसको प्रतिफलमा समेत रहन्छ ।
१३. योजनाको कार्यसम्पादनको आधारमा योजना अर्न्तगतका इकाईहरुको मूल्य बृद्धि हुने सम्भावना रहन्छ । योजनाले प्राप्त गरेको प्रतिफलको आधारमा इकाईधनीहरुलाई योजनाले लाभांश वितरण गर्न सक्ने अवस्था हुन्छ । तथापी योजनाले कुनै प्रकारको बोनस भने वितरण गर्ने छैन ।

जोखिम व्यवस्थापनको लागि व्यवस्थापनको धारणा

(१) योजनाको लगानीमा हुने जोखिम व्यवस्थापनका लागि कोष व्यवस्थापक सदैव सचेत रही बजारमा उत्पन्न हुने जोखिमहरुको निरन्तर अध्ययन गरी जोखिम व्यवस्थापनका लागि उपयुक्त उपायहरु जस्तै लगानीको आन्तरिक सिमा तोक्ने कार्य, दैनिक रुपमा लगानी गरिएका कम्पनी तथा धितोपत्रहरुको विश्लेषण गर्ने कार्य, कर्मचारीको अधिकारहरुको वर्गिकरण र सो को पालना, उच्च व्यवस्थापन सहितको संचालकहरुको लगानी तथा जोखिम व्यवस्थापन समितिको व्यवस्था साथै सो समितिको नियमित बैठकबाट जोखिम व्यवस्थापनका लागि सल्लाह र निर्देशन दिने व्यवस्था को अवलम्बन गरिनेछ ।
(२) सवल तथ्याङ्क प्रणालीको विकास गरी पर्याप्त अध्ययन अनुसन्धानका लागि छुट्टै अनुसन्धान विभाग खडा गरिएको छ र सो विभागबाट दैनिक, साप्ताहिक, मासिक रुपमा प्राप्त सल्लाह सुझावको आधारमा लगानी गर्ने व्यवस्था तथा प्रकृयाको विकास गरिएको छ ।
(३) धितोपत्रमा लगानी गर्नुपूर्व उक्त धितोपत्र र सम्बन्धित कम्पनीको सम्बन्धमा पर्याप्त आर्थिक, व्यवस्थापकीय, तथा सो कम्पनीको भावी योजनाहरुको विश्लेषण गरेर मात्र लगानीसम्बन्धी निर्णय गरिनेछ । यसका लागि विभिन्न वित्तीय विश्लेषणका लागि उपलब्ध अभ्यास तथा उपकरणहरुको उपयोग गरिनेछ ।
(४) बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी धितोपत्रमा गरिएको लगानीलाई उपयुक्त समयमा तरल सम्पत्तिमा परिणत गर्ने तथा तरल सम्पत्तिलाई लगानीमा परिणत गर्ने प्रक्रिया निरन्तर अवलम्बन गरिनेछ ।
(५) लगानीमा जोखिम न्यूनीकरण गर्न र लगानीमा समयोचित प्रतिफल प्राप्त गर्न आवश्यकता र अवसर अनुरुप निरन्तर लगानी विविधीकरणको प्रकृया अवलम्बन गरिनेछ । यस योजनालाई संचालक र कोष सुपरिवेक्षकबाट प्राप्त सुझावलाई समेत मध्यनजर गरी लगानीको लागि विभिन्न क्षेत्रहरु जस्तै स्थिर आय प्राप्त हुने ऋणपत्रहरु र मुद्दती खाता, साधारण शेयरमा बिभाजन गरिएको छ । साथै सो क्षेत्रहरुलाई पनि लगानीमा हुन सक्ने प्रतिफल र जोखिमको आधारमा विभिन्न समुहहरुमा विभाजन गरी लगानी योग्य कम्पनीहरुलाई वर्गीकरण गरिएको छ । समय समयमा बजारको अवस्था तथा जोखिम पक्षलाई ध्यानमा राखी लगानीका क्षेत्रहरु र समुहहरुलाई निरन्तर परिवर्तन गर्न सकिनेछ ।
(६) तरलता व्यवस्थापनमा सदैव उच्च सर्तकता अपनाइनेछ ।
(७) अन्य सामूहिक लगानी योजनाहरु समेत बजारमा आईसकेको र आउने क्रममा रहेकोले अवधि समाप्त हुदा बजार प्रतिकुल भएको अवस्थामा यस योजनालाई समेत अन्य जस्तै ५ वर्षे योजना बनाउदा Redeem गर्न गाह्रो पर्ने देखिएकाले योजनाको अवधि ७ वर्ष कायम गरिएको छ । सो समयमा Redeem हुने कुनैपनि योजना नरहेकाले बजार प्रतिकुल भएको अवस्थामा समेत यस योजनालाई Redeem गर्न सहज हुने देखिन्छ ।

२१. इकाईको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरणसम्बन्धी व्यवस्था

(१) योजनाको सम्पूर्ण इकाई बिक्रीका लागि निवेदन प्राप्त भएमा बिक्री खुल्ला राख्नुपर्ने न्यूनतम अवधि व्यतित भएपछि योजना व्यवस्थापक/निष्काशन तथा बिक्री प्रबन्धकले जुनसुकै समयमा सूचना प्रकाशन गरी इकाई बिक्री बन्द गर्न सक्नेछ ।
(२) बिक्री खुल्ला भएको निवेदन दिने अवधि तथा बोर्डबाट थप भएको अवधिभित्र कम्तिमा पचास प्रतिशत इकाई खरीद गर्न निवेदन प्राप्त भएमा इकाईको बाँडफाँड गरिनेछ ।
(३) यस विवरण पुस्तिका अनुसार इकाई बिक्री खुल्ला अवधिसम्म पनि आह्वान गरेको न्यूनतम पचास प्रतिशत इकाई खरीद गर्नको लागि आवेदन प्राप्त नभएमा योजना खारेज गरी पन्ध्र दिनभित्र निवेदकहरुको रकम फिर्ता गरिनेछ ।
(४) इकाई बाँडफाँड गर्दा यस विवरण पुस्तिकामा उल्लेखित अधिकतम सिमासम्मको मात्र इकाई बाँडफाँड गरिनेछ । तर यस विवरण पुस्तिका मार्फत निष्काशन गरिएको भन्दा बढी सङ्ख्यामा इकाई माग भएमा निष्काशन गरिएको इकाई सङ्ख्याको पच्चीस प्रतिशतसम्म थप गरी इकाई बाँडफाँड गरिनेछ ।
(५) इकाईको बाँडफाँडसम्बन्धी अन्य व्यवस्था प्रचलित धितोपत्र बाँडफाँड सम्बन्धि निर्देशिका बमोजिम हुनेछ ।
(६) योजनाका इकाइहरु नेपाल स्टक एक्सचेन्जमा सूचीकरण गरी दोश्रोबजारमा कारोबारको व्यवस्था मिलाइनेछ ।

२२. प्रवन्धपत्र तथा नियमावली र विवरण पुस्तिका हेर्न सक्ने स्थान

योजना व्यवस्थापकको प्रवन्धपत्र तथा नियमावली र विवरण पुस्तिका कार्यालय समयभित्र एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको कार्यालय लाजिम्पाटमा सम्पर्क राखी हेर्न सकिने छ ।

२३. आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु

(१) कुनै पनि नेपाली नागरिक, गैरआवासीय नेपाली तथा नेपाली संघ संस्थाले यस विवरण पुस्तिका अनुसार जारी गरिने इकाई खरिद गर्न आवेदन दिन सक्नेछन् । आवेदकले आवेदन फारमसाथ आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी आवेदक स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । गैर आवासीय नेपालीको हकमा नेपाल सरकारबाट जारी गरिएको गैरआवासीय नेपाली परिचयपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा पेश गर्नु पर्ने छ ।
(२) आवेदकले आवेदन फारममा आफ्नो मुखाकृति स्पष्ट देखिने हालसालै खिचिएको फोटो अनिवार्य रुपमा टाँस गर्नुपर्नेछ ।
(३) नावालकको हकमा आमा/बाबुले संरक्षक भई आवेदन दिनुपरेमा नेपाल सरकारको पञ्जिकाधिकारीको कार्यालयबाट प्राप्त नावालकको जन्मदर्ता प्रमाण-पत्रको प्रमाणित प्रतिलिपि अनिवार्यरुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।
(४) आमा/बाबु बाहेक अन्य व्यक्ति संरक्षक भई कुनै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा आवेदन दिएको अवस्थामा कानुनबमोजिम संरक्षकत्व ग्रहण गरेको प्रमाण अनिवार्य रुपमा आवेदन फारमसाथ पेश गर्नुपर्नेछ ।
(५) नावालकको हकमा माथि बुँदा (३) र (४) मा उल्लेख गरिएका विवरणहरुको अतिरिक्त संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि संरक्षक स्वयंले प्रमाणित गरी आवेदन फारमसाथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
(६) कम्पनी वा संस्थाले इकाई खरिदका लागि आवेदन दिँदा कम्पनी वा संस्थाको दर्ता प्रमाणपत्रको प्रतिलिपि र लगानी गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णयसहित कम्पनीको कार्यकारी प्रमुख वा संस्थाको प्रमुखको विवरण तथा फोटो अनिवार्य रुपमा समावेश गरेको हुनुपर्नेछ ।
(७) इकाई खरिद गर्नको लागि दरखास्त दिने व्यक्ति स्वयंले आवेदन फारममा दस्तखत गरी तोकिएको सङ्कलन केन्द्रमा इकाई खरिदको लागि आवेदन बुझाउनुपर्नेछ । यसरी आवेदन फारममा दस्तखत नगरेको र तोकिएका सङ्कलन केन्द्रबाहेक अन्य स्थानहरुमा आवेदन फारम बुझाएको आवेदन फारमलाई रद्द गरिनेछ ।
(८) रु. ५०,०००/- भन्दा बढी लगानी गर्ने दरखास्तवालाले आवेदन दिँदा अनिवार्य रुपमा एकाउन्ट पेयी चेक मार्फत रकम जम्मा गनुपर्नेछ । रु. १०,००,०००/- सम्मको लागि आवेदन दिने आवेदकले स्वेच्छिक रुपमा र सोभन्दा बढी रकमको लागि आवेदन दिने आवेदकले अनिवार्य रुपमा आवेदन फारममा आफ्नो स्थायी लेखा नम्बर (PAN) खुलाउनुपर्नेछ । यस अतिरिक्त रु. १०,००,०००/- वा सोभन्दा बढी रकम आवेदन दिने आवेदकहरुले आफूले आवेदन दिँदा जम्मा गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।
(९) आवेदन दिँदा कम्पनीले तोकेको निर्दिष्ट ढाँचामा आफूले खरिद गर्न चाहेको इकाई सङ्ख्या र त्यसको रकम खुलाई आवेदन दिनुपर्नेछ ।
(१०) दरखास्तवाला, नाबालक समतले स्वंयको खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर अनिवार्य रुपमा आवेदन फारममा खुलाउनुपर्नेछ । साथै आवेदकले उल्लेख गर्ने खाता क्लियरिङ हाउसको सदस्यता लिएको बैंक वा वित्तीय संस्था हुनुपर्नेछ । आवेदकले योजनासँग सम्बन्धित सम्पूर्ण कार्य बैंक वा वित्तीय संस्थामार्फत गर्नुपर्नेछ ।
(११) एक व्यक्तिले आफूले लिन चाहेको सम्पूर्ण इकाईको लागि एकभन्दा बढी आवेदन दिन पाइनेछैन । यदि एकै व्यक्तिले एकभन्दा बढी आवेदन दिएमा सम्पूर्ण आवेदन रद्द गरिनेछ ।
(१२) आवेदकले कम्तीमा १०० (एक सय) इकाई तथा सोभन्दा बढी इकाई खरिदका लागि आवेदन दिन चाहेमा १० ले भाग जाने गरी अधिकतम ८०,००,००० (असी लाख) इकाई खरिदका लागि आवेदन दिन सक्नेछ । यस्तो इकाई लागि आवेदन दिँदा आफूले खरिद गर्न चाहेको प्रति इकाई बापत रु. १०।– (दश) का दरले एकमुष्ठ रकम आवेदनसाथ बुझाउनु पर्नेछ ।

२४. निष्काशन बैंकहरु

यस निष्काशनको लागि देहायका बैंकहरुलाई निष्काशन बैंकको रुपमा नियुक्त गरिएको छ ।

बैंकको नाम	खाता नं.
श्री नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड, काठमाडौं ।	००१०२०५०२५०८२५

साथै आवश्यकतानुसार निष्काशन बन्द भएको तीन दिनभित्र बोर्डलाई जानकारी दिई अन्य "क" वर्गका बैंकहरुलाई समेत निष्काशन बैंकको रुपमा नियुक्त गर्न सकिनेछ ।

२५. विवरण पुस्तिका, दरखास्त फारम, पाईने र दरखास्तसाथ रकम बुझाउने स्थानहरु

संकलन केन्द्रको नाम र ठेगाना	फोन न.	सम्पर्क व्यक्ति
क) नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड दरबारमार्गस्थित प्रधान कार्यालय तथा सम्पूर्ण शाखा कार्यालयहरु ।	-	-
ख) एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाडौं ।	४००५०८०	अमिता डंगोल

उपरोक्त स्थानहरुको अलावा यस सार्वजनिक निष्काशनको क्रममा सङ्कलन केन्द्र नभएका जिल्लाहरुबाट मात्र ड्राफ्ट संलग्न गरी दरखास्त दिन पाइनेछ र यसरी आवेदकले आवेदन दिन चाहेमा शेयर निष्काशन बन्द हुने अघिको मितिसम्ममा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी (A/c Payee) ड्राफ्ट साथ इकाईको आवेदन फाराम नेपाल सरकारको हुलाक सेवामार्फत रजिष्ट्री गरी पठाएका आवेदनलाई मात्र बाँडफाँटमा समावेश गरिनेछ । बिक्री खुल्ला भएको अवस्थामा जारी भएको भएतापनि इकाई बिक्री बन्द भएको १० (दश) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारमलाई बाँडफाँटमा समावेश गरिने छैन ।

२६. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया

योजना निष्काशनका वखत उत्पन्न हुनसक्ने गुनासोहरुलाई सम्बन्धित सङ्कलन केन्द्र तथा योजना व्यवस्थापकको कार्यालयबाट समाधान गर्ने व्यवस्था मिलाइनेछ । साथै योजना व्यवस्थापकले योजना सञ्चालनको क्रममा सहभागीहरुको बीचमा वा योजना र सहभागीहरुका बीचमा कुनै विवाद उठेमा त्यसको समाधानका लागि योजना व्यवस्थापकका महाप्रवन्धक श्री रामकृष्ण खतिवडा लाई नियम पालना अधिकृतको रुपमा नियुक्त गरिएको छ । नियम पालना अधिकृतले प्राप्त गुनासो सुन्ने सोको समाधानका उपायहरु पहिचान गर्ने र सामान्य प्रकारका गुनासोहरुलाई कानुन सम्मत तरिकाले आफ्नै तहबाट समाधान गर्नेछन् । यसरी समाधान हुन नसक्ने तथा जटिल प्रकृतिका गुनासा प्राप्त भएमा सम्भव भएसम्म योजना व्यवस्थापकबाट र सम्भव नभएमा कोष सुपरिवेक्षकसमक्ष राखी सोको समाधान गरिनेछ । लगानीकर्ताहरुले देहायबमोजिमको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन्: फोन नं. ४००५०८० फ्याक्स नं.४००५०८४,
E-mail: info@niblcapital.com

दरखास्त फारामको नमूना

प्रति दरखास्त फाराम रु. २/-

नेपाल इन्भेष्टमेण्ट बैंक लि.
NEPAL INVESTMENT BANK LTD.
Truly a Nepali Bank

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेड कोष प्रवर्द्धक रहेको तथा एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड योजना व्यवस्थापक रहेको

NIBL MUTUAL FUND
एनआईबिएल म्युचुअल फण्ड
अन्तर्गत सञ्चालन हुने

एनआईबिएल समृद्धि फण्ड-१ (NIBL Samriddhi Fund-I) को

खरिद दरखास्त फाराम

फोटो अनिवार्य

कोड नं. ☐☐☐

मार्फत: NIBL CAPITAL
एनआइबिएल क्यापिटल मार्केट्स लि.
लाजिम्पाट, काठमाण्डौं, फोन नं. ४००५०८०

सि.नं.

योजनाका इकाई वापतको रकम ड्राफ्ट मार्फत जम्मा गर्दा ड्राफ्टको पछिल्लो भागमा दरखास्त नम्बर र दरखास्तवालाको नाम स्पष्टसंग उल्लेख गर्नु पर्नेछ । साथै आवेदन फारममा ड्राफ्ट नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

एनआईबिएल क्यापिटल मार्केट्स लि.
लाजिम्पाट, काठमाडौं, नेपाल

महाशय,

यहाँले संचालन गर्ने "**एनआईबिइल समृद्धि फण्ड-१**" को मिति २०७१/०७/३० गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण पुस्तिकाको शर्तमा प्रति इकाई रु. १०/- अङ्कित दरका ....ईकाई लिन इच्छुक भएकोले सो वापत रु. .... (अक्षरेपी ....) यसै साथ पठाएको छु/छौं । त्यस योजनाको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित इकाई पाउन अनुरोध गर्दछु/गर्दछौं ।

माग गरेको शेयर संख्या		शेयर वापत जम्मा गरेको रकम		मिति	२०७१/...../.....
रकम बुझाएको कम्पनीको नाम र ठेगाना				भौचर/ड्राफ्ट नं.	
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना				चेक नं.	
खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम					
खाता रहेको बैंक वा वित्तीय संस्थाको शाखा		खाता नं.			

निवेदकको पुरा नाम	नेपालीमा	श्री/श्रीमती/सुश्री/नाबालक		
	In English	Mr./Mrs./Miss/Minor		USE CAPITAL LETTER

स्थायी ठेगाना	वडा नं.	घर नं.		गा.वि.स./न.पा.		जिल्ला	
Permanent Address	Ward No.	House No.		VDC/Municipality		District	
सम्पर्क ठेगाना							
P.O.Box No.		P.O. Box District		नागरिकता प्रमाण-पत्र नं.			
PAN No.		Contact No.		Broker's ID (If any)			

निवेदक संस्था भएमा कार्यकारी प्रमुखको नाम	नेपालीमा		
	In English		USE CAPITAL LETTER
बाबुको नाम			
Father's Name			
बाजेको नाम			
Grandfather's Name			
पति/पत्नीको नाम			
संरक्षकको नाम (नावालकको हकमा)			
Guardian's Name (Incase of minor)			

यस योजनामा लगानी गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामीले यसै साथ संलग्न गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि स्वयंमले प्रमाणित गरी यस दरखास्त फारममा खुलाएको विवरण साँचो हो । झुठ्ठा ठहरीएमा प्रचलित नेपालको कानून बमोजिम सहन/बुझाउन मेरो/हाम्रो मञ्जुर छ ।

पुनश्च: १. आवेदन फारम भर्नु अघि यस आवेदन फारमको पछाडिपट्टि रहेको दफा नं.२३ (आवेदन दिँदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।
२. आवेदक संस्था भएमा कार्यकारी प्रमुखको विवरण अनिवार्य रुपमा भर्नु पर्नेछ ।

निवेदकको दस्तखत
(नाबालकको हकमा अभिभावकको दस्तखत)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत: NIBL CAPITAL
एनआइबिएल क्यापिटल मार्केट्स लि.
लाजिम्पाट, काठमाण्डौं, फोन नं. ४००५०८०

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

Applicant's Name					
Scheme's Name	NIBL SAMRIDDHI FUND-I				
No. of Units Applied		Call Money per Share	Rs.10	Amount Deposited (Rs.)	
Amount in Words					

निवेदकको दस्तखत
(नावालकको हकमा अभिभावकको दस्तखत)

For Official Use Only:
Received by:
Date:
Stamp
Code No. ☐☐☐

बैंक भुक्तान नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ

१. बाँडफाँडमा नपरेका रकम फिर्ता लिन यो रसिद अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । २. आवेदकलाई रकम फिर्ता दिंदा बैंक वा वित्तीय संस्थामा रहेको आवेदकको खातामा रकम जम्मा हुने गरी फिर्ता भुक्तानी दिइने छ । ३. आवेदकलाई बाँडफाँडमा नपरेको बापतको रकम फिर्ता भुक्तानी दिंदा आवेदकले दरखास्त फारमसाथ स्वयमले प्रमाणित गरी संलग्न गरेको नागरिकता प्रमाणपत्रको प्रतिलिपिको **सक्कल प्रतिको आधारमा सही आवेदकको पहिचान गरेर मात्र रकम दिइनेछ** । ४. आफू उपस्थित हुन नसक्ने अवस्थामा यो रसिदको पछाडि मञ्जुरीनामा दिने र लिने दुवैले दस्तखत गरी यो रसिदका साथै मञ्जुरीनामा पाउने व्यक्तिको कुनै आधिकारिक परिचय पत्रको प्रतिलिपि समेत अनिवार्य संलग्न गर्नुपर्नेछ ।

NIBL CAPITAL
एनआइबिएल क्यापिटल मार्केट्स लि.
लाजिम्पाट, काठमाण्डौं, फोन नं. ४००५०८०